'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'
☎ ०५७-४०००५६
०५७-४०००६६
०५७-४०००८६

# थाहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ईन्द्रायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८०।०८१
चलानी नम्बरः १४२०

मिति : २०८०।०९।११

थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा शाखा ईन्द्रायणी चौर, मकवानपुर नेपाल

विषयः- थाहा नगरपालिका अन्तर्गतका समुदायिक विद्यालयहरुलाई प्रस्ताव पेस गर्ने सूचना।

श्री सवै माध्यमिक तथा आधारभूत (कक्षा १-८) तहका सामुदायिक विद्यालयहरु

था.न.पा.,मकवानपुर

प्रस्तुत विषयमा थाहा नगरपालिका लाई आ.व. २०८०।०८१ को लागि संघीय सरकारको शिक्षा कार्यक्रम बाट प्राप्त सशर्त बजेट र नगर आन्तरिक बजेट अन्तर्गत तपसिलका विभिन्न शीर्षकको रकम खर्च गर्नको लागि योजना सहित विद्यालयहरु संग प्रस्ताव माग गर्ने निर्णय भए अनुसार विद्यालयको विद्यार्थी विवरण,भौतिक अवस्था, आवश्यकताका आधार,कार्य सम्पन्न अवधि, कार्यान्वियनको प्रतिवध्दता, वि.व्य.स. बैठकको निर्णय र सम्वन्धित वडाको सिफारिस सहित लिखित प्रस्ताव यस सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र थाहा नगरपालिकामा पेस गर्नुहुन सम्वन्धित विद्यालयहरुलाई यो सूचना जारी गरिएको छ।

<u>प्रस्तावका शीर्एक तथा आधार हरु</u>

| क्र.सं. | माग गर्ने शिर्षकको विवरण | संख्या र रकम | छनौटको आधार |
|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा पुस्ताकालय स्थापना तथा व्यवस्थापन अनुदान (फर्निसिङ, किताव खरिद, तथा इ-पुस्तकालय समेत) | ३ (प्रति विद्यालय रु.छ लाख पचास हजार मात्र) | - लाइब्रेरी नभएका विद्यालयहरु<br>- गत दुई आ.व.मा लाइब्रेरी व्यवस्थापन अनुदान प्राप्त नगरेका विद्यालयहरु<br>- माध्यमिक तहमा विद्यार्थी सङ्ख्या उच्च रहेका विद्यालयहरु<br>- लाइब्रेरी व्यवस्थापनका आवश्यक कोठा रहेका विद्यालयहरु<br>- माध्यमिक तह सवैले अनुदान प्राप्त गरेका भए उच्च विद्यार्थी सङ्ख्या भएको अनुमतिले जेष्ठ आधारभूत तह १-८ सञ्चालित विद्यालयलाई पनि उपलब्ध गराउन सकिनेछ। |
| २ | माध्यमिक विद्यालय विज्ञान प्रयोगशाला अनुदान | २ (प्रति विद्यालय रु.छ लाख पचास हजार मात्र) | - गत दुई आ.व.मा विज्ञान प्रयोशाला अनुदान प्राप्त नगरेका विद्यालयहरु<br>- विद्यार्थी सङ्ख्या उच्च रहेका विद्यालयहरु<br>- प्रयाप्त कक्षा कोठा भएका विद्यालयहरु<br>- माध्यमिक तह सवैले यस प्रकारको अनुदान प्राप्त गरेका भए उच्च विद्यार्थी सङ्ख्या भएको अनुमतिले जेष्ठता क्रममा आधारभूत तह १-८ सञ्चालित विद्यालयलाई पनि उपलब्ध गराउन सकिनेछ। |
| ३ | नमुना प्रारम्भिक बाल विकास केन्द्र निर्माण( ३ वटा विद्यालय) | ३ (प्रति विद्यालय रु.दुई लाख मात्र | - बाल कक्षाको लागि छुट्टै कक्षा कोठा भएका विद्यालयहरु<br>- यस प्रकारको अनुदान प्राप्त नगरेका विद्यालयहरु<br>- वालविकासमा विद्यार्थी सङ्ख्या उच्च रहेका विद्यालयहरु |
| ४ | नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापकीय योजना | १ (जनकल्याण नमुना माध्यमिक विद्यालय, रु.३०लाख) | -तत्कालिन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पुर्वाधारहरू, छात्रावास व्यवस्थापन,शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न पुर्बाधार विकासका लागि गुरु योजना निर्माण गर्ने<br>-सो गुरु योजना अनुसार प्रस्ताब पेस गर्ने<br>-न.पा. संग सम्झौता गरी सम्झौता अनुसार खर्च गर्ने। |

Madhav
माधवविक्रम मल्ल
शाखा अधिकृत (आठौं)

Website: www.thahamun.gov.np Email: info@thahamun.gov.np, thahamunicipality@gmail.com

Scanned with CamScanner